फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-०२/२०७९/८०

## बिज वृद्धि कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०२**

मन्थली नगरपालिकाको चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारीमा बिज वृद्धि प्रवर्द्धन (मकै, धान, गहुँ)** कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका, बीउ उत्पादन गरि रहेका र उत्पादन गर्न इच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/०५/१६ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | गहुँ, मकै, धान बालीको मूल बीउ र बीउ उत्पादन तथा बिक्रीका लागि प्रयोग हुने सामग्रीहरु | पटक | १ | लागत साझेदारी ५० प्रतिशत वा बढीमा रु. १ लाख। |

**आवश्यक कागजातहरुः**

१. बीउको जात र परिमाण उल्लेखित निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. फर्म/कम्पनीको हकमाः पान नम्बर, कर चुक्ता विवरण वा रसिद।
६. सहकारी संस्थाको हकमाः मन्थली नगरपालिकामा आ.व. २०७८/७९ मा सूचिकृत/अद्यावधिक गरेको पत्रको प्रतिलिपि। (कार्यक्रममा छनौट भएको खण्डमा सम्झौता मितिसम्म चालु आ.व. २०७९/८० को लागि अद्यावधिक गरेको पत्र पेश गर्नु पर्नेछ।)
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. बीउ उत्पादन तथा बिक्री इजाजत पत्रको प्रतिलिपि।
९. न्यूनतम ४० रोपनी क्षेत्रफल जग्गाको कित्ता नं. उल्लेखित चक्लाबन्दी विवरण, जग्गाधनी पुर्जाको प्रतिलिपि र बीउ उत्पादनको लागि आवश्यक पूर्वाधारको विवरण।

प्रमुख प्रशासकीय अधिकृत